# महत्त्वपूर्ण व्यावसायिक व्यक्ति
# (Commercially Important Person – CIP)
# छनौट, सम्मान तथा सुविधा सम्बन्धी
# कार्यविधि, २०७४

★

★

★

★

★

★

★

★

★

★

★

★

★

★

★

★

★

वाणिज्य मन्त्रालय

सिंहदरबार

# महत्त्वपूर्ण व्यावसायिक व्यक्ति

## (Commercially Important Person – CIP)

## छनौट, सम्मान तथा सुविधा सम्बन्धी

## कार्यविधि, २०७४

**प्रस्तावना :** राष्ट्रिय अर्थतन्त्रमा उद्योग र वाणिज्य क्षेत्रको योगदान बढाउन उत्कृष्ट उद्योगी, व्यवसायी, निर्यातकर्ता, लगानीकर्ता, रोजगारदाता, पर्यटन व्यवसायी र नेपालको मौलिक सीप, कला र संस्कृतिमा आधारित वस्तुको उत्पादन, प्रवर्द्धन र विकासको क्षेत्रमा योगदान पुऱ्याउने व्यवसायीहरूलाई राज्यको तर्फबाट सम्मान र कदर गर्न वाञ्छनीय भएकोले वाणिज्य नीति, २०७२ ले व्यवस्था गरेबमोजिम नेपाल सरकारले यो कार्यविधि बनाई लागु गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "महत्त्वपूर्ण व्यावसायिक व्यक्ति (Commercially Important Person- CIP) छनौट, सम्मान तथा सुविधा सम्बन्धी कार्यविधि २०७४" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) "महत्त्वपूर्ण व्यावसायिक व्यक्ति (Commercially Important Person: CIP)" भन्नाले आन्तरिक वस्तुको बजार विस्तार गरी निर्यात प्रवर्द्धन, लगानी वृद्धि, रोजगारीको अवसरको सिर्जना, पर्यटन तथा विप्रेषण (remittance) को माध्यमबाट विदेशी मुद्रा आर्जन तथा नेपालको मौलिक सीप, कला, र संस्कृतिमा आधारित वस्तुको उत्पादन, प्रवर्द्धन र विकासको क्षेत्रमा महत्वपूर्ण योगदान मार्फत राष्ट्रिय अर्थतन्त्रलाई सुदृढ र सबल बनाउन योगदान पुऱ्याउने महत्त्वपूर्ण व्यावसायिक व्यक्ति भनी नेपाल सरकारद्वारा घोषणा गरिएका व्यवसायी, व्यावसायिक संस्था र सो संस्थाको तर्फबाट CIP को पदवी धारण गर्ने व्यक्ति सम्झनु पर्छ । त्यस्ता व्यावसायिक संघ संस्थाका तर्फबाट उक्त पदवी धारण गर्ने व्यक्तिलाई छोटकारीमा CIP भनिनेछ ।

(ख) "मन्त्रालय" भन्नाले वाणिज्य मन्त्रालय सम्झनु पर्दछ ।

(ग) "समिति" भन्नाले विकास समिति ऐन, २०१३ द्वारा गठित व्यापार तथा निकासी प्रवर्द्धन विकास समिति सम्झनु पर्दछ ।

(घ) "केन्द्र" भन्नाले व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र सम्झनु पर्दछ ।

(ङ) "उप-समिति" भन्नाले दफा ६ बमोजिमको महत्त्वपूर्ण व्यावसायिक व्यक्ति (CIP) छनौट तथा सिफारिश उप-समिति सम्झनु पर्दछ ।

(च) "उत्पादनमूलक उद्योग" भन्नाले औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा १५ को उपदफा (२) बमोजिम परिभाषित उत्पादनमूलक उद्योगलाई सम्झनु पर्दछ ।

छ) "तेस्रो मुलुक" भन्नाले चीन र भारत बाहेकका अन्य सबै मुलुक सम्झनु पर्दछ ।

३. **महत्त्वपूर्ण व्यावसायिक व्यक्ति (CIP) सम्मान प्रदान गर्न सकिने:** नेपाल सरकारले प्रत्येक दुई/दुई वर्षमा अघिल्ला दुई वर्षमा देशको वस्तु निर्यात, लगानी, रोजगारी, सेवा व्यापार, विप्रेषण,

पर्यटन लगायतका क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याई उत्कृष्ट ठहरिएका व्यवसायी एवं यस क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउने उद्योगी व्यवसायीहरू एवं दफा ५ को उपदफा (१) को खण्ड (ज) बमोजिमका निजी क्षेत्रका प्रतिनिधि संस्थाका अध्यक्षहरूलाई महत्त्वपूर्ण व्यावसायिक व्यक्ति (CIP) सम्मान प्रदान गर्नसक्नेछ ।

## ४. महत्त्वपूर्ण व्यावसायिक व्यक्ति (CIP) सम्मानको उद्देश्यहरू :-

(क) उद्योगी, व्यवसायी तथा निर्यातकर्ताहरूलाई उनीहरूले मुलुकको उद्योग तथा वाणिज्य क्षेत्रमा पुऱ्याएको योगदान बापत राज्यबाट प्रोत्साहन, सम्मान तथा कदर प्रदान गर्ने ।

(ख) CIP सम्मानको माध्यमबाट उद्यमी-व्यवसायीहरूबीच स्वस्थ प्रतिस्पर्धात्मक वातावरण सृजना गर्ने ।

(ग) उद्यमी, व्यवसायीहरूलाई आफ्नो योगदानप्रति आत्मगौरवको अनुभूति दिलाउने ।

(घ) उद्योगी, व्यवसायीका प्रतिनिधिमूलक संस्थालाई निर्यात व्यापार, लगानी, रोजगारी एवं पर्यटन प्रवर्द्धन लगायतका कार्यमा थप अभिप्रेरित गर्ने ।

(ङ) CIP द्वारा सम्मानित हुने उद्योगी, व्यवसायीहरूलाई नेपालको प्रतिष्ठित उद्यमी, व्यवसायीको रूपमा स्वदेश तथा विदेशमा पहिचान गराउने ।

(च) उद्योगी व्यवसायीलाई आफू संलग्न उद्यम, व्यवसायमा गौरव महसुस हुने वातावरण सिर्जना गरी उद्यम व्यवसायको थप विस्तार र प्रवर्द्धन गर्न उत्प्रेरणा प्रदान गर्ने ।

(छ) महिला उद्यमी, व्यवसायीहरूलाई उद्योग-वाणिज्य क्षेत्रमा अझ बढी सहभागी हुन अभिप्रेरित गर्ने ।

(ज) दलित समुदाय तथा पिछडिएका क्षेत्रका उत्कृष्ट उद्यमी/व्यवसायी एवं निकासीकर्ता एवं युवा उद्यमी/व्यवसायीलाई थप हौसला र सम्मान प्रदान गर्ने ।

## ५. महत्त्वपूर्ण व्यावसायिक व्यक्ति (CIP) सम्मानको क्षेत्र/विधा :

(१) दफा ३ मा उल्लेख भएबमोजिम दफा ४ मा उल्लिखित उद्देश्यलाई समेत मध्यनजर गरी देहायको क्षेत्र/ विधामा काम गर्ने व्यक्ति/संस्थालाई देहायको संख्यामा CIP सम्मान प्रदान गर्न सकिनेछ ।

**(क) निर्यात क्षेत्रतर्फ :**

| क्र.सं. | क्षेत्र | संख्या |
|---|---|---|
| १ | तेस्रो मुलुकतर्फ सबैभन्दा सबैभन्दा बढी वस्तु निकासी गर्ने (अग्रस्थानका ५ वस्तुहरू) प्रत्येकबाट १/१ जना | ५ (पाँच) जना |
| २ | भारततर्फ रकमको आधारमा प्रथम, दोस्रो र तेस्रो स्थान हासिल गर्ने नेपाली निर्यातकर्ता/उद्योगी | ३(तीन) जना |
| ३ | चीनतर्फ रकमको आधारमा प्रथम, दोस्रो र तेस्रो स्थान हासिल गर्ने नेपाली निर्यातकर्ता/उद्योगी | ३ (तीन) जना |
| ४ | बुँदा नं. क (१) मा छनौट भइसकेका निर्यातकर्तासँग दोहोरो नपर्ने गरी नेपालको मौलिक सीप, कला र संस्कृति झल्किने हस्तकलाका वस्तुहरूको निर्यातबाट सबैभन्दा धेरै रकम भित्र्याउने निर्यातकर्ता | १ (एक) जना |
| ५ | बुँदा नं. क (१) मा छनौट भएका निर्यातकर्तासँग दोहोरो नपर्ने गरी वाणिज्य नीति, २०७२ र नेपाल व्यापार एकीकृत रणनीति, २०७३ (Nepal Trade | २ (दुई) जना |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र
पुल्चोक, ललितपुर, नेपाल

| | | |
|---|---|---|
| | Integration Strategy-2016) ले प्राथमिकतामा राखेका निर्यात सम्भावनायुक्त वस्तुमध्ये कृषिजन्य वस्तु र जडिबुटी क्षेत्रका वस्तुहरूको सबैभन्दा बढी रकमको निर्यात गर्ने निर्यातकर्ताहरूमध्ये प्रत्येक क्षेत्रबाट एक/एक जना | |
| ६ | निर्यात व्यापारमा कुल रकमको आधारमा सबभन्दा बढी रकमको निर्यात गर्ने महिला निर्यातकर्ता | १ (एक) जना |
| ७ | सफ्टवेयर निर्यातमा रकमको आधारमा प्रथम स्थान हासिल गर्ने निर्यातकर्ता/ व्यवसायी | १ (एक) जना |

(ख) **लगानी क्षेत्रतर्फः**

| क.सं. | क्षेत्र | संख्या |
|---|---|---|
| १ | उद्योग स्थापना भई सञ्चालनमा रहेका सबैभन्दा बढी लगानी गर्ने (स्वदेशी श्रम र सीप उपयोग गर्ने) उत्पादनमूलक उद्योगका उत्कृष्ट व्यवसायी | १ (एक) जना |

(ग) **रोजगारी सिर्जनातर्फ :**

| क.सं. | क्षेत्र | संख्या |
|---|---|---|
| १ | बुँदा नं. ख (१) मा उल्लिखित लगानी आधारमा छनौट हुने /व्यवसायी नदोहोरिने गरी सबैभन्दा बढी रोजगारी सृजना गर्ने उद्योगी/व्यवसायी | १ (एक) जना |

(घ) **विप्रेषणतर्फ :**

| क.सं. | क्षेत्र | संख्या |
|---|---|---|
| १ | बैंकिङ्ग प्रणाली मार्फत विप्रेषण (Remittance)को कारोबार गरी सबैभन्दा वढी वैदेशिक मुद्रा भित्र्याउने विप्रेषण कम्पनी (Remittance Company) व्यवसायी | १ (एक) जना |

(ङ) **पर्यटन क्षेत्रतर्फ :**

| क. सं. | क्षेत्र | संख्या |
|---|---|---|
| १ | पर्यटन क्षेत्रमा सबैभन्दा बढी विदेशी मुद्रा आर्जन गर्ने होटल व्यवसायी | १ (एक) जना |
| २. | सबैभन्दा बढी विदेशी पर्यटक भित्र्याउने ट्राभल तथा ट्रेकिङ्ग व्यवसायी | १ (एक) जना |

(च) **कर दाखिलातर्फ :**

| क्र. सं. | क्षेत्र | संख्या |
|---|---|---|
| १ | सबैभन्दा बढी आयकर दाखिला गर्ने व्यवसायीहरूमध्येबाट | १ (एक) जना |

**(छ) युवा, दलित, सीमान्तीकृत र पिछडिएको क्षेत्रका उद्यमी/व्यवसायीतर्फ**

| क्र.सं. | क्षेत्र | संख्या |
|---|---|---|
| १ | (क) दलित तथा सीमान्तकृत समुदाय एवं पिछडिएका क्षेत्रबाट उत्पादन तथा निर्यात व्यापार क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउने उद्यमी/व्यवसायीमध्येबाट नेपाल सरकारले योग्य ठानेका<br><br>(ख) युवा उद्यमी/व्यवसायीमध्ये निर्यात व्यापार क्षेत्रमा सबैभन्दा बढी निकासी गर्ने एक महिला र एक पुरुष | ४ (चार) जना<br><br>२ (दुई) जना |

(ज) **व्यवसायीका प्रतिनिधिमूलक संस्थातर्फ :**

| क्र. सं. | क्षेत्र | संख्या |
|---|---|---|
| १ | निर्यात व्यापारका साथै वाणिज्य क्षेत्रमा प्रवर्द्धनात्मक कार्य गरी आर्थिक विकासमा उल्लेख्य योगदान पुऱ्याएका निम्न संघ/संस्थाका अध्यक्षलाई मानार्थ<br>क) नेपाल उद्योग वाणिज्य महासंघ<br>ख) नेपाल उद्योग परिसंघ<br>ग) नेपाल चेम्बर अफ कमर्स | ३ (तीन) वटा |

(२) उपदफा (१) मा तोकिएका क्षेत्र/विधालाई मन्त्रालयले आवश्यक थपघट वा संशोधन समेत गर्न सक्नेछ।

(३) कुनै वर्ष माथि उल्लिखित विभिन्न विधाहरूमध्ये कुनै एक वा एकभन्दा बढी विधामा विभिन्न कारणले CIP सम्मानका लागि छनौट तथा सिफारिश गर्न सक्ने परिस्थिति नभएमा सो विधालाई छोडी बाँकी विधामा यस कार्यविधिको प्रक्रिया पूरा गरी CIP सम्मान प्रदान गर्न सकिनेछ।

६. **महत्त्वपूर्ण व्यावसायिक व्यक्ति (CIP) छनौट तथा सिफारिस उप-समिति:** (१) यस निर्देशिका बमोजिम CIP छनौट तथा सम्मानको सिफारिस गर्न देहायबमोजिमको "महत्त्वपूर्ण व्यावसायिक व्यक्ति (CIP) छनौट तथा सिफारिश उप-समिति" रहनेछ :

(क) कार्यकारी निर्देशक, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र : संयोजक

(ख) प्रतिनिधि, अर्थ मन्त्रालय : सदस्य

(ग) प्रतिनिधि, वाणिज्य मन्त्रालय : सदस्य

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र
पुल्चोक, ललितपुर, नेपाल

(घ) प्रतिनिधि, उद्योग मन्त्रालय : सदस्य
(ङ) प्रतिनिधि, नेपाल राष्ट्र बैंक : सदस्य
(च) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ : सदस्य
(छ) प्रतिनिधि, नेपाल चेम्बर अफ कमर्स : सदस्य
(ज) प्रतिनिधि, नेपाल उद्योग परिसंघ : सदस्य
(झ) प्रतिनिधि, वाणिज्य विभाग : सदस्य
(झ) उप-समितिको संयोजकले तोकेको केन्द्रको पदाधिकारी : सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको उप-समितिमा विभिन्न सरकारी/सार्वजनिक निकायहरूबाट प्रतिनिधित्व गर्ने सदस्यहरू कम्तीमा राजपत्रांकित द्वितीय श्रेणी वा सो सरहका कर्मचारीहरू हुनेछन् ।

(३) उपदफा (१) अनुसारको उप-समितिको सचिवालय केन्द्रमा रहनेछ ।

७. **उप-समितिको काम, कर्तव्य र अधिकार** :

(क) व्यवसायी तथा संस्था छनौट गर्ने कार्यविधिमा आवश्यकता अनुसार संशोधनको सिफारिस गर्ने ।

(ख) CIP द्वारा सम्मान गर्ने क्षेत्र, विधा र संख्यामा थपघट वा संशोधनको सिफारिश गर्ने ।

(ग) उत्कृष्ट निर्यातकर्ता, लगानीकर्ता, रोजगारदाता, विप्रेषण तथा पर्यटक भित्र्याउने एवं बढी कर दाखिला गर्ने उद्यमी, व्यवसायीको पहिचान तथा छनौट गरी CIP सम्मानको लागि समिति समक्ष सिफारिस गर्ने ।

(घ) खण्ड (ग) बमोजिमका उद्यमी, व्यवसायीहरूलाई प्रोत्साहन गर्न प्रदान गरिने प्रतीक चिह्न, सुविधा र सहुलियतको सिफारिस गर्ने ।

(ङ) यस दफा अन्तर्गतका खण्डहरूमा उल्लिखित कार्यहरू सम्पादन गर्न उप-समितिले आवश्यकता अनुसार अन्य व्यक्तिलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

(च) यसै विषयसँग सम्बन्धित अन्य आवश्यक कार्यहरू गर्ने, गराउने ।

८. **महत्त्वपूर्ण व्यावसायिक व्यक्ति (CIP) छनौटका आधारहरू:** (१) यस कार्यविधिको दफा ५ मा उल्लिखित क्षेत्र/विधा अन्तर्गतका महत्त्वपूर्ण व्यावसायिक व्यक्ति छनौट तथा सिफारिश गर्नका लागि देहाय बमोजिमको विधि र आधारहरू अवलम्बन गरिनेछ :-

(क) निर्यात क्षेत्रतर्फको दफा ५ को १ (क) अन्तर्गतका व्यवसायीको छनौट गर्दा :-

(१) सर्वप्रथम सम्बन्धित निकायबाट निकासीका वस्तुको सूची प्राप्त गरिनेछ ।
(२) खण्ड (१) बमोजिमको सूचीमा छनौट गरिने आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको तेस्रो मुलुक तर्फको निर्यातमा अग्रस्थानमा रहेका प्रथम पाँच वस्तुको र भारत तथा चीनतर्फको निर्यातमा अग्र स्थानमा रहेका दुई/दुई वस्तुको सूची समावेश भएको हुनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र
पुल्चोक, ललितपुर, नेपाल

(३) खण्ड (२) बमोजिमका सूचीका निकासीमा अग्रस्थानमा रहेका पाँचवटा वस्तुहरूको उक्त आर्थिक वर्ष र सो आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्ष समेत गरी कुल २ (दुई) आर्थिक वर्षको निर्यात कारोवारको रकम जोडी अग्रस्थानमा हुन आउने उत्कृष्ट निर्यातकर्ता व्यवसायीहरूको छनौट हुनेछ। चीन र भारततर्फको निर्यातको हकमा समेत यही आधारलाई अवलम्बन गरिनेछ।

(ख) तेस्रो मुलुकतर्फ निर्यातमा अग्रस्थानमा रहेका वस्तुको सूची प्राप्त गर्ने सम्बन्धमा :

(१) तेस्रो मुलुकतर्फको निर्यातमा अग्रस्थानमा रहेका वस्तुहरूको सूची प्राथमिकता क्रमको आधारमा देहायका स्रोतहरूबाट प्राप्त गरिनेछ।

(अ) भंसार विभाग
(आ) नेपाल राष्ट्र बैंक
(इ) व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र

(२) प्रथम स्रोतबाट उपलब्ध नहुनेमा दोस्रो र सो नहुनेमा तेस्रो स्रोतलाई आधारको रूपमा लिइनेछ।

(ग) तेस्रो मुलुकतर्फ (Software Export बाहेक) निर्यातका प्रथम पाँच वस्तुको सूची तथा भारत र चीनतर्फ निर्यातका प्रथम दुई/दुई वस्तुको सूची प्राप्त भएपछि सो सूची अन्तर्गतका वस्तुहरूको उत्कृष्ट निर्यातकर्ताको नाम र निर्यात गरेको रकमसम्बन्धी विवरण प्राथमिकता क्रममा देहाय बमोजिमका निकायहरूबाट प्राप्त गरिनेछ।

(१) व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र
(२) भंसार विभाग
(३) सम्बन्धित वस्तुगत संघहरू
(४) उद्योग व्यापार संघहरू
(५) वस्तु कारोवार गर्ने व्यवसायीहरू

(घ) Software निर्यात गर्ने उत्कृष्ट निर्यातकर्ता/व्यवसायी वा व्यावसायिक कम्पनी र निर्यात कारोवार रकम सम्बन्धी विवरण प्राथमिकता क्रममा देहाय बमोजिमका निकायहरूबाट प्राप्त गरिनेछ :-

(१) विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय,
(२) राष्ट्रिय सूचना प्रविधि केन्द्र
(३) कम्प्युटर एशोसिएशन अफ नेपाल

(ङ) लगानी क्षेत्रतर्फ दफा ५ को १ (ख) मा उल्लिखित सबैभन्दा बढी लगानी गर्ने उद्यमी छनौट सम्बन्धमा :-

(१) उद्योग स्थापना तथा सञ्चालनमा लगानी रकमको आधारमा अग्रस्थानमा हुन आउने उत्कृष्ट उत्पादनमूलक उद्योग छनौट गरिनेछ।

(२) खण्ड (१) बमोजिम उद्योग छनौट गर्दा उद्योगहरू जुनसुकै वर्षमा दर्ता भएको भए तापनि मूल्याङ्कन अवधिको दुई आर्थिक वर्षभित्र सञ्चालनमा रहेका उद्योगहरू मध्येमा जुन उद्योगमा सबैभन्दा बढी पूँजी लगानी भएको छ सोही उद्योगलाई छनौट गरिनेछ ।

(३) खण्ड (१) र खण्ड (२) का आधारमा त्यस्ता उद्योगहरूको छनौट तथा सिफारिस देहायका निकायहरूबाट उपलब्ध हुने सूचनाको आधारमा गरिनेछ :-

(अ) उद्योग मन्त्रालय
(आ) नेपाल उद्योग वाणिज्य महासंघ
(इ) नेपाल उद्योग परिसंघ
(ई) उद्योग स्थापना गर्ने उद्यमी व्यवसायीहरू ।

(४) मूल्याङ्कन अवधिको दुई आर्थिक वर्षमा कुनैपनि उद्योग सञ्चालनमा नआएको अवस्थामा एक पटकको लागि सो अवधिभन्दा अघि स्थापना तथा सञ्चालनमा रहेका उद्योगहरूमध्ये सबैभन्दा बढी रकम लगानी गरी सञ्चालनमा ल्याइएका उद्योगलाई छनौट तथा सिफारिस गरिनेछ ।

(च) (१) रोजगारी सिर्जना क्षेत्रतर्फ दफा ५ को १ (ग) अन्तर्गतको उत्पादनमूलक क्षेत्रमा सबैभन्दा बढी रोजगारी सृजना गर्ने उद्यमी/व्यवसायी छनौट गरिनेछ ।

(२) खण्ड १ बमोजिम उद्यमी छनौट गर्दा मूल्यांकन अवधिको २ आर्थिक वर्षभित्र सबैभन्दा बढी रोजगार सिर्जना गर्ने उद्योगको छनौट गरिनेछ ।

(३) खण्ड १ र खण्ड २ बमोजिमको तथ्याङ्क देहायका निकायहरूबाट प्राप्त गरिनेछ ।

(अ) उद्योग विभाग
(आ) श्रम विभाग/श्रम कार्यालय
(इ) निजी क्षेत्रका प्रतिनिधि संस्थाहरू
(ई) सम्बन्धित उद्यमी व्यवसायीहरू

(छ) विप्रेषण (Remittance) तर्फ दफा ५ को १(घ) अन्तर्गत बैंकिङ्ग प्रणाली मार्फत विप्रेषणको कारोवार गरी वैदेशिक मुद्रा भित्र्याउने कार्यमा उत्कृष्टता हासिल गरेको विप्रेषण कम्पनीको छनौट एवं सिफारिस नेपाल राष्ट्र बैंकबाट हुनेछ ।

(ज) पर्यटन क्षेत्रतर्फ दफा ५ को १(ङ) को क्षेत्रमा उत्कृष्ट कार्य गर्ने व्यवसायी उद्यमीको छनौट सम्बन्धमा :-

(१) होटलतर्फ सबैभन्दा बढी विदेशी मुद्रा (भारतीय मुद्रा बाहेक) भित्र्याउने र ट्राभल तथा ट्रेकिङ्ग व्यवसायीतर्फ सबैभन्दा बढी संख्यामा तेस्रो मुलुकका पर्यटक भित्र्याउने उद्यमी व्यावसायीको छनौट तथा सिफारिस गरिनेछ ।

(२) खण्ड (१) बमोजिमका उद्यमी व्यवसायीको छनौट तथा सिफारिस एक संस्थाबाट नभएमा अर्को संस्थाबाट हुने गरी प्राथमिकता क्रममा क्रमशः देहायका संस्थाहरूबाट सिफारिस हुनेछः-

(अ) बढी वैदेशिक मुद्रा आर्जन गर्ने होटलतर्फबाट छनौट गर्नुपर्दा :-

(१) नेपाल राष्ट्र बैंक
(२) नेपाल पर्यटन बोर्ड
(३) होटल एशोसिएशन नेपाल

(आ) विदेशी पर्यटक भित्र्याउने ट्राभल तथा ट्रेकिङ्ग व्यवसायीतर्फ :-

(१) नेपाल पर्यटन बोर्ड

(२) ट्राभल एशोसिएशन अफ नेपाल

(३) ट्रेकिङ्ग एजेन्ट एशोसिएशन अफ नेपाल

(झ) दफा ५ को १ (च) को क्षेत्रमा आन्तरिक राजस्व विभागको सिफारिशका आधारमा सबैभन्दा बढी आयकर दाखिला गर्ने व्यवसायीको छनौट गरिनेछ।

(ञ) दलित तथा सीमान्तकृत समुदाय, तथा पिछडिएको क्षेत्रको लागि निजी क्षेत्रका प्रतिनिधि संस्थाहरूको सिफारिशका आधारमा CIP छनौट तथा सिफारिश उप-समितिले छनौट गर्नेछ।

(ट) युवा उद्यमी/व्यवसायीको लागि छनौट गर्दा निजी क्षेत्रका प्रतिनिधि संस्थाको सिफारिशका आधारमा CIP छनौट तथा सिफारिश उप-समितिले छनौट गर्नेछ।

द्रष्टव्य : युवा उद्यमी/व्यवसायी भन्नाले आफ्नै नाममा प्रचलित कानूनबमोजिम नेपालमा उद्यम/व्यवसाय/फर्म दर्ता गरी कम्तीमा CIP सम्मान छनौटका लागि आधार लिइएको आर्थिक वर्षसम्म व्यवसाय सञ्चालन गरिरहेका १६ वर्षदेखि ४० वर्ष उमेर समूहका उद्यमी/व्यवसायीलाई जनाउनेछ।

(ठ) दफा ५ को १(ज) अन्तर्गतका व्यवसायीका प्रतिनिधिमूलक संस्थाहरूको अध्यक्षलाई सम्मान गर्ने सम्बन्धमा :-

(१) संस्थागत अध्यक्षको सम्बन्धित महासंघ/संघले देहायको विवरण उपलब्ध गराउनु पर्नेछ :-

(अ) अध्यक्षको नाम (देवनागरी र अंग्रेजीमा)

(आ) अध्यक्ष पदमा बहाल रहने अवधि

(२) अन्तिम नामावली प्रकाशन गरी CIP प्रदान गर्नु अघि नै कारणवश CIP सम्मान प्राप्त गर्ने अध्यक्षको पदमा नरहेमा सम्वन्धित महासंघ/संघले नवनियुक्त अध्यक्षको दफा ८ को १(ठ) १ बमोजिमको विवरण उपलब्ध गराउनेछ।

(३) दफा ८ मा उल्लेख भएको CIP छनौट अन्तर्गतको व्यवस्थाबाट CIP छनौट नहुने अवस्थामा उप-समितिले निर्णय गरी अन्य स्रोतवाट पनि आधिकारिक विवरण उपलब्ध गरी CIP सिफारिस गर्न सक्नेछ।

(४) CIP को सिफारिस गर्न माथि उल्लेख गरिएका संघ-संस्था एवं निकायहरूले CIP को सिफारिस गर्दा यसै कार्यविधिको अधीनमा रही गर्नु पर्दछ।

(५) दफा ८ मा व्यवस्था भएअनुसार **CIP** सिफारिस भै नआएमा वा त्यस्ता व्यवसायीको पहिचान हुन नसकेको अवस्थामा सम्बन्धित क्षेत्र/विधामा **CIP** को सिफारिस गर्न उपसमिति बाध्य हुने छैन।

(ड) एकै व्यक्ति वा फर्मले एकभन्दा बढी विधा वा क्षेत्रमा CIP सम्मान पाउने अवस्था भएमा CIP सम्मान प्राप्त गर्ने व्यक्ति वा फर्मले इच्छाएको एक विधामा मात्र CIP सम्मान प्रदान गरिनेछ।

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र पुल्चोक, ललितपुर, नेपाल

९. **महत्त्वपूर्ण व्यावसायिक व्यक्ति (CIP) सम्मानको लागि अयोग्य हुने : :** यस कार्यविधिको दफा ८ मा उल्लिखित आधारहरू बमोजिम कुनै उद्योगी/व्यवसायी वा व्यवसायीका प्रतिनिधिमूलक संस्थाका अध्यक्ष CIP सम्मानको लागि उत्कृष्टताको सूचीमा समावेश हुने भएता पनि निम्न अवस्थाका व्यवसायीहरू तथा व्यवसायीका प्रतिनिधिमूलक संस्थाका अध्यक्षहरू CIP सम्मानका लागि अयोग्य हुनेछन् :-

(१) नेपाल सरकारका आधिकारिक निकायबाट कालोसूचीमा परेको ।
(२) बैंक तथा वित्तीय संस्थाको कर्जा चुक्ता गर्न नसकी कर्जा सूचना केन्द्रको कालोसूचीमा परेको ।
(३) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएको ।
(४) भ्रष्टाचार तथा आर्थिक अनियमिततामा संलग्न भएको प्रमाणित भएको ।
(५) CIP सम्मान प्रदान गर्ने भन्दा अघिल्लो आर्थिक वर्षसम्मको सरकारलाई तिर्न बुझाउन बाँकी कर, शुल्क, दस्तुर लगायतको सरकारी बक्यौता रहेको ।

तर, उत्कृष्टताको सूचीमा परी दफा १० बमोजिम नामावली प्रकाशन गर्नुअघि उपर्युक्त विषयहरूमा फरफारक गरी सो फरफारक गरेको आधिकारिक प्रमाण पेश गर्ने उद्योगी/व्यवसायी तथा व्यवसायीका प्रतिनिधिमूलक संस्थाका अध्यक्षको नाम नामावलीमा नाम समावेश गर्न बाधा पर्ने छैन ।

१०. **सूचना प्रकाशन, दाबी विरोध तथा अन्तिम नामावली प्रकाशनसम्बन्धी व्यवस्था :**

(१) दफा ८ मा उल्लिखित आधारमा उप-समितिले CIP सम्मानको लागि उद्योगी/व्यवसायीहरूको नाम छनौट गरिसकेपछि त्यस्ता उद्यमी/व्यवसायीको नाम तथा विवरणहरू सर्वसाधारणको जानकारीका लागि राष्ट्रियस्तरको कम्तीमा एक अंग्रेजी र एक नेपाली भाषाका दैनिक पत्रिकामा ७ (सात) दिनको म्याद दिई सचिवालयले कम्तीमा १ (एक) पटक सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना प्रकाशित भइसकेपछि सो सूचनामा CIP सम्मानको लागि छनौट भएका कुनै उद्यमी/व्यवसायीको सम्बन्धमा चित्त नबुझी कसैले दाबी विरोध गर्न चाहेमा सम्बन्धित व्यक्ति/संस्थाले सचिवालयमा तोकिएको म्यादभित्र अनूसूची-१ बमोजिम निवेदन दिनुपर्नेछ । त्यस्तो निवेदनमा अन्य कुराका अतिरिक्त आफ्नो कारोवारको आधिकारिक विवरणको प्रमाणित प्रतिलिपि समेत सँगै राखी पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश हुन आएको दावी विरोधसम्बन्धी निवेदन उपर उप-समितिले आवश्यक छानविन गरी दाबी उपयुक्त देखिएमा CIP सम्मानका लागि प्रस्तावित नामावली सूचीमा आवश्यक संशोधन गरी उपयुक्त देखिएका उद्योगी, व्यवसायीहरूको नाम समावेश गरी समिति समक्ष पेश गर्नेछ ।

(४) समितिमा पेश भएका नाम तथा विवरण उपर आवश्यक अध्ययन गरी समितिले CIP सम्मान पाउने उद्यमी/व्यवसायीको अन्तिम नामावली अनुमोदन गरी स्वीकृतिको लागि मन्त्रालय समक्ष पेश गर्नेछ ।

(५) मन्त्रालयद्वारा स्वीकृति प्राप्त भएपछि CIP सम्मान पाउने उद्यमी/व्यवसायीहरूको साथै व्यवसायीका प्रतिनिधिमूलक संस्थाका अध्यक्षहरूको अन्तिम नामावली राष्ट्रियस्तरको अंग्रेजी र नेपाली भाषाको दैनिक पत्रिकामा सर्वसाधारण सबैको जानकारीका लागि एक पटक प्रकाशन गरी सार्वजनिक गरिनेछ ।

(६) मन्त्रालयबाट स्वीकृति प्राप्त भई उपदफा (५) बमोजिम अन्तिम नामावली प्रकाशन भएपछि महत्त्वपूर्ण व्यावसायिक व्यक्तिहरूलाई राष्ट्रियस्तरमा एक समारोह आयोजना गरी अनुसूची - २ बमोजिमको CIP प्रतीक चिह्न, अनुसूची - ३ बमोजिमको CIP परिचय पत्र एवं अनुसूची - ४ (क) र (ख) मा उल्लेख भए बमोजिमको प्रमाणपत्र प्रदान गरी सम्मान गरिनेछ ।

११. **महत्त्वपूर्ण व्यावसायिक व्यक्ति (CIP) मूल्याङ्कन अवधि:** संस्थागत अध्यक्ष बाहेकका निर्यातकर्ता, उद्योगी/व्यवसायीहरूको आर्थिक कारोवार र लगानीको मूल्याङ्कन गर्दा चालु आर्थिक वर्षभन्दा अघिल्ला दुई आर्थिक वर्षको अवधिलाई आधार लिइनेछ ।

१२. **महत्त्वपूर्ण व्यावसायिक व्यक्ति (CIP) सम्मान बहाल रहने अवधि:** (१) यस कार्यविधि अनुसार प्रदान गरेको CIP सम्मान प्रदान गरेको मितिले दुई वर्षसम्म कायम रहनेछ ।

(२) संस्थागत अध्यक्षको CIP को प्रयोग अवधि अध्यक्ष पद वा उपदफा १ बमोजिमको अवधिमध्ये जुन पहिला समाप्त हुन्छ त्यतिञ्जेल मात्र बहाल रहनेछ ।

(३) उद्योग, फर्म, कम्पनीको तर्फबाट CIP धारण गर्ने व्यक्ति वा संस्थाको अध्यक्ष कुनै कारणबाट सो पदमा बहाल नरहेमा त्यस्ता उद्योग, फर्म, कम्पनी वा संस्थाको सिफारिसमा मन्त्रालयले बाँकी अवधिको लागि अर्को आधिकारिक व्यक्तिको नाममा CIP जारी गर्न सक्नेछ ।

१३. **महत्त्वपूर्ण व्यावसायिक व्यक्ति (CIP) लाई प्रदान गरिने सेवा सुविधाहरू:** CIP ले पाउने सुविधा देहाय बमोजिम हुनेछन्:

(क) CIP प्राप्त गर्ने महत्त्वपूर्ण उद्योगी/व्यवसायीहरूलाई परिचय पत्र, प्रतीक चिह्न र प्रमाणपत्र प्रदान गरी सम्मान गर्ने ।

(ख) सम्माननीय प्रधानमन्त्री, उप-प्रधानमन्त्री, माननीय मन्त्री तथा वरिष्ठ सरकारी पदाधिकारीसँग औपचारिक भेटघाट गर्न अग्राधिकार प्रदान गर्ने ।

(ग) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आगमन तथा प्रस्थान कक्षमा रहेको CIP Lounge र नेपालका अन्य विमानस्थलहरूमा रहेको विशिष्ट व्यक्तिहरूको लागि व्यवस्था गरेको VIP Lounge प्रयोग गर्न दिने ।

(घ) सरकारी तथा निजी क्षेत्रले आयोजना गर्ने उद्योग, वाणिज्य क्षेत्रका समारोह/कार्यक्रमहरूमा प्राथमिकतासाथ आमन्त्रित गर्ने ।

(ङ) विदेशमा व्यापारिक तथा औद्योगिक मेला तथा प्रदर्शनीको सहभागितामा प्रतिनिधित्व गर्न प्राथमिकता प्रदान गर्ने ।

(च) CIP सम्मान प्राप्त गर्ने स्वदेशी नागरिकलाई सार्क क्षेत्रको भ्रमणका लागि SAARC Sticker Visa उपलब्ध गराउन सिफारिश गर्ने ।

(छ) सरकारी तथा निजी क्षेत्रले उद्योग, वाणिज्य क्षेत्रमा आयोजना गर्ने कार्यक्रम/समारोहमा CIP सम्मान प्राप्त उद्योगी/व्यवसायीका लागि बस्ने विशेष स्थान तोक्ने ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र
पुल्चोक, ललितपुर, नेपाल

(ज) CIP परिचय पत्र र प्रतीक चिह्नको आधारमा सिंहदरबार र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आगन्तुक र प्रस्थान कक्षको निश्चित स्थानसम्म प्रवेशको सुविधा प्रदान गर्ने ।

(झ) माथि उल्लेख गरिएका सेवा तथा सुविधा उपयोग गर्न CIP प्राप्त गर्ने उद्योगी व्यवसायीले CIP प्रतीक चिह्न र परिचय पत्र आफ्नो साथमा राख्नुपर्नेछ ।

१४. **<u>महत्त्वपूर्ण व्यावसायिक व्यक्ति (CIP) प्राप्त गर्ने व्यवसायीका प्रतिनिधिमूलक संस्थाको दायित्व :</u>**

(१) CIP सम्मान प्राप्त गर्ने व्यवसायीहरूका प्रतिनिधिमूलक संस्थाले आफूले प्राप्त गरेको सम्मान बहाल रहने अवधिभित्र देहायको कार्यहरू गर्नुपर्नेछ :-

(क) आन्तरिक व्यापार प्रवर्द्धनका लागि आफ्नो कार्यकालमा स्वदेशमा कम्तीमा दुईवटा बृहत् व्याार मेला (प्रदर्शनी)को आयोजना गर्ने ।

(ख) मुलुकको उद्योग वाणिज्य क्षेत्रको विकासको लागि समय-समयमा नेपाल सरकारलाई सुझाव पेश गर्ने ।

(ग) आफूले गरेको महत्त्वपूर्ण कार्यको विवरण वार्षिक रूपमा केन्द्रलाई उपलब्ध गराउने ।

(घ) उद्योग, वाणिज्य क्षेत्रको विकास र विस्तारमा नेपाल सरकारलाई सघाउने ।

(ङ) महत्त्वपूर्ण व्यावसायिक व्यक्ति (CIP) को गरिमालाई कायम राख्दै नेपालको आर्थिक विकासमा लागि रहने ।

(२) उपदफा (१) मा उल्लिखित कार्यको समीक्षा गर्न कम्तीमा वर्षको एकपटक महत्त्वपूर्ण व्यावसायिक व्यक्ति (CIP) छनौट तथा सिफारिश उपसमितिको समीक्षा बैठक बस्नेछ ।

(३) पछिल्ला वर्षहरूमा CIP छनौट तथा सिफारिस गर्दा समीक्षाबाट प्राप्त निष्कर्षलाई समेत मार्गदर्शनको रूपमा लिइनेछ ।

१५. **<u>महत्त्वपूर्ण व्यावसायिक व्यक्ति (CIP) सम्मान खारेज गर्न सकिने :</u>** यस कार्यविधि बमोजिम महत्त्वपूर्ण व्यावसायिक व्यक्ति (CIP) सम्मान प्राप्त उद्योगी व्यवसायी प्रचलित कानूनबमोजिम नैतिक पतन देखिने गरी अदालतबाट कसूरदार ठहरिएमा वा भ्रष्टाचार, आर्थिक अनियमिततामा संलग्न भएको प्रमाणित भएमा नेपाल सरकारले निजलाई प्रदान गरेको महत्त्वपूर्ण व्यावसायिक व्यक्ति (CIP) सम्मान खारेज गर्न वा फिर्ता लिन सक्नेछ ।

१६. **<u>व्याख्या गर्ने अधिकार:</u>** यस कार्यविधिमा उल्लेख भएका व्यवस्थाहरूमा कुनै द्विविधा भई व्याख्या गर्नुपर्ने भएमा त्यस्तो व्याख्या गर्ने अधिकार मन्त्रालयमा निहित रहनेछ । मन्त्रालयले गरेको व्याख्या अन्तिम हुनेछ ।

१७. **सामान्य संशोधन गर्ने अधिकार :** यस कार्यविधि अनुसार प्रदान गरिने प्रमाणपत्र, परिचय पत्र र प्रतीक चिह्नको ढाँचामा उप-समितिले आवश्यकतानुसार आवश्यक सामान्य संशोधन गर्नसक्नेछ ।

१८. **<u>बाधा अडकाउ फुकाउने अधिकार:</u>** यस कार्यविधिको कार्यान्वयनमा देखापर्ने कठिनाइ हटाउन वा तत्काल बाधा अडकाउ परेमा मन्त्रालयले त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ ।

१९. **खारेजी तथा बचाउ :** (१) 'महत्त्वपूर्ण व्यावसायिक व्यक्ति छनौट, सम्मान एवं सुविधा सम्बन्धी कार्यविधि, २०६९' खारेज गरिएको छ ।

(२) 'महत्त्वपूर्ण व्यावसायिक व्यक्ति छनौट, सम्मान एवं सुविधा सम्बन्धी कार्यविधि, २०६९' बमोजिम भए गरेका कार्यहरू यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र
पुल्चोक, ललितपुर, नेपाल

अनुसूची -१
(दावी विरोध गर्ने निवेदनको ढाँचा)

मिति :-

श्री व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र
पुल्चोक, ललितपुर ।

**विषय :- दावी विरोध सम्बन्धमा ।**

महोदय,

त्यस केन्द्रबाट मिति ......................को........................... पत्रिकामा प्रकाशित CIP दावी विरोध सम्बन्धी सूचना अनुसार यस फर्म /कम्पनीको कारोवार निम्न बमोजिम रहेको व्यहोरा पेश गर्दछौं । उक्त सूचना अनुसार क्र.सं. ....................मा उल्लिखित विधामा म/मेरो/हाम्रो फर्म/कम्पनी सम्मानित हुनुपर्ने माग गर्दै त्यस केन्द्रबाट माग भएका बखत सक्कल कागजातहरू समेत (पछि फिर्ता पाउने गरी) बुझाउन तयार रहेको व्यहोरा अनुरोध गर्दै उक्त सूचना बमोजिम हाललाई आफ्नो आर्थिक कारोवारको प्रतिलिपि/फोटोकपी यसै निवेदन साथ संलग्न राखी आवश्यक कारवाहीका लागि पेश गरेका छौं । पेश गरेको विवरणहरू साँचो छन् । झुट्ठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

| सि.नं. | विधा | कारोवारको किसिम | कारोवारको आर्थिक वर्ष | | कुल कारोवार रकम रु. | |
|---|---|---|---|---|---|---|
| | | | | | | |

प्रतिलिपि संलग्न कागजातहरू :-
१. संस्था दर्ता प्रमाणपत्र थान :-
२.PAN/VAT दर्ता प्रमाणपत्र थान :-
३. कारोवारको प्रमाण पत्र :-
४ अन्य प्रमाणहरू :-

हस्ताक्षरः-
नाम :-
पद :-
फर्म/कम्पनीः-
ठेगाना :-

फर्म/कम्पनीको छाप :-

अनुसूची -२
प्रतीक चिह्नको ढाँचा

प्रतीक चिह्न साबिकको ढाँचामा राख्ने

(साबिकको ढाँचा)



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र
पुल्चोक, ललितपुर, नेपाल

अनुसूची-३
(CIP परिचयपत्रको ढाँचा)

Government of Nepal
**Ministry of Commerce**

Nepal Gov. | CIP Logo

**Commercially Important Person**
**IDENTITY-CARD**

**Name:**
**Designation :**
**Company:**
**Valid Till :**
**Signature............................ Designation : Secretary**

Photo

नेपाल सरकार
**वाणिज्य मन्त्रालय**

Nepal Gov. | CIP Logo

**महत्त्वपूर्ण व्यावसायिक व्यक्ति**
**परिचय-पत्र**

**नाम :**
**पद :**
**कम्पनी :**
**परिचय-पत्र बहाल रहने अवधि :**
**प्रमाणित गर्ने ............... पद : सचिव**

Photo

अनुसूची-४ (क)
(CIP प्रमाण-पत्रको ढाँचा)

नेपाल सरकार
**वाणिज्य मन्त्रालय**

# महत्त्वपूर्ण व्यावसायिक व्यक्तिको प्रमाण-पत्र

नेपाल सरकारद्वारा उद्योग/वाणिज्य क्षेत्रमा विशिष्ट योगदान गरी राष्ट्रिय अर्थतन्त्रको अभिवृद्धिमा उल्लेखनीय सहयोग पुऱ्याउनु हुने तपाईं . . . . . . . . . . . . . . . . . . . . . का . . . . . . . . . . . . . . . . . . . . . लाई ...................... . . . . . . . . . . . . . . . . . . . . . . . क्षेत्रमा उत्कृष्ट योगदानको कदर गर्दै **"महत्त्वपूर्ण व्यावसायिक व्यक्ति"** को रूपमा दुई वर्षको लागि सगौरव सम्मान गरिएको छ ।

## Certificate of Commercially Important Person (CIP)

Government of Nepal, in recognition of special support to the growth of national economy through outstanding contribution in industry and commerce sector, honours Mr./Mrs.........................of ...........with the **COMMERCIALLY IMPORTANT PERSON (CIP)** for the period of two years.

---- ------------------------------

मिति :

मन्त्री
वाणिज्य मन्त्रालय

अनुसूची-४ (ख)
(CIP प्रमाण-पत्रको ढाँचा)

नेपाल सरकार
वाणिज्य मन्त्रालय

# मानार्थ महत्त्वपूर्ण व्यावसायिक व्यक्तिको प्रमाण-पत्र

नेपाल सरकारद्वारा उद्योग/वाणिज्य क्षेत्रमा विशिष्ट योगदान गरी राष्ट्रिय अर्थतन्त्रको अभिवृद्धिमा उल्लेखनीय सहयोग पुऱ्याउनु हुने तपाईं . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . का . . . . . . . . . . . . . . . . . . . . . .... लाई नेपालको उद्योग र वाणिज्य क्षेत्रमा उत्कृष्ट योगदानको कदर गर्दै **"मानार्थ महत्त्वपूर्ण व्यावसायिक व्यक्ति"** को रूपमा दुई वर्षको लागि सगौरव सम्मान गरिएको छ ।

## Certificate of Honorary Commercially Important Person (CIP)

Government of Nepal, in recognition of special support to the growth of national economy through outstanding contribution in industry and commerce sector, honours Mr./Mrs........................of ...........with the Honorary **COMMERCIALLY IMPORTANT PERSON (CIP)** for the period of two years.

मिति :

-------------------------
मन्त्री
वाणिज्य मन्त्रालय

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र